मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# हल गोरु पालन गर्ने कृषकहरुलाई नगद अनुदान दिने कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/४ ने.स ११४५ कछलागा चौथी

सूचना नं : १६-०८१/०८२ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को स्वीकृत कृषि कार्यको लागि हल गोरु पालन गर्ने कृषकहरुलाई प्रति हल गोरु बराबर रु दश हजार नगद अनुदान दिने कार्यक्रम सञ्चालनको लागि इच्छुक मापदण्ड पुगेका कृषक महानुभावहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात मिति २०८१/०९/३ गते कार्यालय समय भित्र मेलम्ची नगरपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै अनुदानको मलको भरपाई बुक नं नभएका र रित नपुगि दर्ता भएका आवेदनहरु छनोट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत अनुरोध छ।

## आवश्यक कागजातहरु

- निवेदन।
- नगरपालिकाले वितरण गरेको अनुदानको मलको भरपाई बुकको फोटो भएको पानाको प्रतिलिपी।
- सम्बन्धित वडा कार्यालयबाट गोरु पालन गरिदै आइरहेको व्यहोराको सिफारिस पत्र।
- दुबै गोरुको बिमा गरेको पशु बिमालेखको फोटोकपी।
- दुबै हल गोरु र उक्त हल गोरु पाल्ने कृषक देखिने गरी खिचिएको कलर फोटो।
- दुबै हल गोरुको बिमा ट्याग नम्बर बुझिने गरी खिचिएको कलर फोटो।
- आफ्नो नाममा रहेको चेकको फोटोकपी।
- निरन्तर रुपमा गोरु पाल्ने प्रतिबद्धता पत्र।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट **www.melamchimun.gov.np** मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखा, एकिकृत सेवा केन्द्र पिप्लेमा सम्पर्क राख्नुहुन वा ०११४०१०८९ सम्पर्क गर्न सक्नुहुनेछ।

.............................
अशोक कुमार भट्टराई
प्रमुख प्रशासकीय अधिकृत